सम्बत् २०७५ साल साउन १८ गते शुक्रबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय— खाद्य तथा पोषण सुरक्षा अभिवृद्धि परियोजनाका लागि विश्व बैङ्कबाट प्राप्त हुने अनुदान सहायता स्वीकार गर्ने ।

२. अर्थ मन्त्रालय— एशियाली विकास वैंकबाट नेपालको सडक राजमार्ग सुधारको लागि ऋण सहायता लिने सम्बन्धमा वार्ता टोली गठन गरी वार्ता गर्न अख्तियारी दिने।

३. अर्थ मन्त्रालय— राष्ट्रसेवक कर्मचारीहरूको महंगी भत्ता, पोशाक र सावधिक जीवन बीमाको बीमाङ्क बृद्धि गर्ने ।

४. अर्थ मन्त्रालय— विश्व बैंकबाट नेपालको रणनीतिक सडक संजालमा पर्ने पुलहरूको सुधार तथा मर्मतका लागि ऋण सहायता लिने सम्बन्धमा वार्ता टोली गठन गरी वार्ता गर्न अख्तियारी दिने ।

५. अर्थ मन्त्रालय— आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरूको कार्यक्षेत्र निर्धारण तथा अधिकार प्रत्यायोजन गर्ने।

६. अर्थ मन्त्रालय—

(क) नेपाल सरकारले उखुको न्यूनतम् समर्थन मूल्यमा परिवर्तन नगरेसम्मको लागि सम्बत् २०७५ जेष्ठ १५ गते देखि लागू हुने गरी उखु उत्पादन गर्ने उखु कृषकहरुलाई प्रति क्विन्टल साठी रुपैयाँ अनुदान उपलब्ध गराउने ।

(ख) "उखु कृषकलाई अनुदान दिने सम्बन्धी कार्यविधि, २०७५" लाई स्वीकृति प्रदान गर्ने ।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— औद्योगिक क्षेत्र घोषणा विषयको प्रस्ताव उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले संयोजन गर्ने गरी सहरी विकास मन्त्रालय; भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय; कृषि तथा पशुपन्छी विकास मन्त्रालय; वन तथा वातावरण मन्त्रालय र गृह मन्त्रालयसमेतको प्रतिनिधि रहेको संयुक्त कार्यदलले विस्तृत अध्ययन एवं थप गृहकार्य गरी पेश गर्ने ।

८. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय— केन्द्रीय कानून पुस्तकालय रहेको ठाउँ उपयुक्त नभएकोले पुस्तकालयलाई उपयुक्त ठाउँमा स्थानान्तरण गर्ने गरी निरन्तरता दिने ।

९. गृह मन्त्रालय— जिल्ला विकास समिति महासंघ नेपालको (दोस्रो संशोधन) विधान २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने ।

१०. गृह मन्त्रालय— प्रधान सेनापति महारथी श्री राजेन्द्र क्षत्रीलाई मित्रराष्ट्र ईस्लामिक गणतन्त्र पाकिस्तानका राष्ट्रपतिबाट प्रदान गरिएको Nishan-i-Imtiaz (Military) विभूषण ग्रहण गर्न स्वीकृति दिने।

११. गृह मन्त्रालय— स्थानीय तहको निर्वाचनको सिलसिलामा भएको झडपको घटनाबाट बाजुरा जिल्ला छेडेदह गाउँ पालिका वडा नं. ५ वस्ने वर्ष ५७ को हंस रावतले ज्यान गुमाएको हुँदा निजका हकदार श्रीमती कौसी देवी रावतलाई आर्थिक सहायता बापतको रकम रु. १०,००,०००।–(दश लाख रुपैयाँ) उपलब्ध गराउने ।

१२. गृह मन्त्रालय— सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु पुष्पराम के.सी. समेतको सरुवा गर्ने ।

१३. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— Ulaanbaatar, Mongolia मा हुने "11th Regional EST Forum in Asia" विषयक कार्यक्रममा मा. भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठलाई भाग लिन जान स्वीकृति प्रदान गर्ने ।

१४. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिलाई अर्को व्यवस्था नभएसम्मका लागि निरन्तरता दिने ।

१५. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— सुविधाविहिन बालबालिकाहरुका लागि शैक्षिक कार्यक्रम (युसेप नेपाल) लाई संचालन गर्न दिइएको बाल सुधार गृह सानोठिमीको विस्तारित शाखाको रुपमा बाँके नेपालगंजमा संचालन गर्न युसेप नेपाललाई दिने ।

१६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— पर्सा, रुपन्देही र चितवनमा बालसुधार गृह सञ्चालन गर्ने ।

१७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— समाज कल्याण परिषदमा भएको आर्थिकलगायत अन्य अनियमितताका सम्बन्धमा छानविन गर्न समिति गठन गर्ने ।

१८. रक्षा मन्त्रालय— प्रि-सिपमेण्ट निरीक्षण भ्रमणलाई निरन्तरता दिन स्वीकृति दिने ।

१९. वन तथा वातावरण मन्त्रालय—

क. राष्ट्रिय प्रकृति संरक्षण कोष, जडीवुटी उत्पादन तथा प्रशोधन कम्पनी लि., राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको विद्यमान संगठन संरचनालाई सुधार सहित निरन्तरता दिने ।

ख. वन पैदावार विकास समिति र द टिम्वर कर्पोरेशन अफ नेपाल लि. दुवैलाई एक आपसमा गाभी दुवै निकायबाट हुँदै आएको कार्यलाई एकिकृत गर्ने र यसरी एकीकरण भएको संस्थाको नाम वन पैदावार विकास एवं विक्री वितरण केन्द्र राख्ने ।

२०. वन तथा वातावरण मन्त्रालय— केही प्रसारणलाईन निर्माणका लागि वर्षातको समयावधिमा पनि वन क्षेत्र प्रवेश पूर्जी दिने ।

२१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— शिक्षक दरवन्दी पुनर्वितरण सुझाव कार्यदलको कार्यावधि थप गर्ने ।

२२. संघीय संसद सचिवालयको मिति २०७५/३/२५ को पत्रबाट अनुरोध भई आएबमोजिम दुवै सदनका मुख्य सचेतक तथा प्रमुख सचेतकको सेवा सुविधा समान कायम गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

सम्बत् २०७५ साल साउन १४ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. अर्थ मन्त्रालय— एशियाली विकास बैंकबाट विद्युत प्रसारण आयोजनामा थप लगानीका लागि ऋण स्वरुप २० मिलियन अमेरिकी डलर स्वीकार गर्ने विषयमा वार्ता टोली गठन गर्ने र वार्ता गर्ने अख्तियारी दिने।

२. अर्थ मन्त्रालय— भुक्तानी तथा फछ्र्यौट विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

३. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— उपभोक्ता संरक्षण सम्बन्धी कानून संशोधन, एकीकरण गर्न बनेको बिधेयक, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

४. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— वाणिज्य सन्धि २००९ को पुनरावलोकन सम्बन्धी पहिलो बैठकका लागि वार्ता टोली गठन गर्ने ।

५. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय— अपराधबाट पीडितको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

६. कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय— खाद्य तथा खाद्य संप्रभुताको अधिकार सम्बन्धी विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

७. गृह मन्त्रालय— नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद् समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

८. गृह मन्त्रालय— विभूषण प्राप्त गर्ने महानुभावहरूको नाम, थर, वतन र विभूषणको क्रम, मर्यादाक्रम संशोधन गर्ने ।

९. गृह मन्त्रालय— यातना दिने तथा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्ने कार्यलाई नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संघीय संसद् समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१०. गृह मन्त्रालय— अध्यागमन (व्यवस्थापन) गर्ने सम्बन्धी विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने।

११. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय— अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ लाइ संसोधन गर्न बनेको विधेयक २०७५ संघीय संसदमा पेश गर्न स्वीकृत प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१२. वन तथा वातावरण मन्त्रालय— वातावरण संरक्षण (पहिलो संसोधन) ऐन, २०७५ को मस्यौदा संघीय संसदमा पेश गर्न स्वीकृती दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

१३. वन तथा वातावरण मन्त्रालय— संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) ऐन, २०७५ संघीय संसदमा पेश गर्न स्वीकृती दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— शिक्षाको अधिकार सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

१५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय—प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (चौथो संशोधन) नियमावली, २०७५ संशोधन गर्ने ।

१६. श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय— रोजगारी सम्बन्धी विधेयक तर्जुमाको लागि सैद्धान्तिक सहमति दिने ।

१७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना र दरवन्दी स्वीकृत गर्ने ।

१८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— सामाजिक सुरक्षा सम्बन्धी विधेयक संघीय संसद् समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

१९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद् समक्ष पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— कृषि तथा पशुपन्छी विकास मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संगठन संरचना र दरवन्दी तेरीज स्वीकृति गर्ने।

२१. सहरी विकास मन्त्रालय— आवासको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदसमक्ष पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ सङ्घीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— थाइल्याण्डको महिडोल विश्वविद्यालयको आमन्त्रणमा भएको माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रीकोको भ्रमण समर्थन गर्ने ।

२४. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गर्ने –

क्र.सं.	नाम, थर	साविक पद र कार्यालय	सरुवा भएको पद र कार्यालय
१.	श्री रामकुमार आचार्य	महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय	सचिव, उपराष्ट्रपति कार्यालय
२	श्री बुद्धिबहादुर खड्का	सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
३.	श्री सुरेश प्रधान	प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. १, विराटनगर	महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय

२५. बढुवा समितिको सिफारिसअनुसार नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा सहसचिव श्री नारायणप्रसाद विडारीलाई बढुवा गरी गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा पदस्थापन गर्ने ।

२६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखराको प्रमुख सचिव पदमा पदाधिकार रही काठमाडौं महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत (रा.प. विशिष्ट) पदमा कामकाज गर्न खटाइएका

श्री यादवप्रसाद कोइरालालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५ बुटवल को प्रमुख सचिव पदमा पदाधिकार राखी साविकबमोजिम नै कामकाज गर्न खटाउने ।

२७. निवृत्तभरण कोष विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने विषयको अर्थ मन्त्रालयको प्रस्ताव मिति ०७५/३/२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/४/१ को मन्त्रिपरिषद् विधेयक समितिको बैठकमा छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरू समेत समावेश गरी परिमार्जन गरिएको "निवृत्तभरण कोष विधेयक" को दफा १३ को उपदफा (२) मा रहेको "एक्काइस वर्ष" भन्ने व्यहोराको सट्टा "अठार वर्ष" भन्ने व्यहोरा राखी संघीय संसदमा पेश गर्न स्वीकृति दिने ।

२८. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसद् समक्ष पेश गर्ने विषयको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्ताव मिति ०७५/४/१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/४/१३ को मन्त्रिपरिषद्, विधेयक समितिको बैठकबाट परिमार्जित "मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक" सङ्घीय-संसदसमक्ष पेश गर्न स्वीकृति दिने ।

२९. देहायका व्यक्तिहरूलाई उपचार खर्चबापत देहायबमोजिमको रकम आर्थिक सहायता उपलब्ध गराउने ।

(क) पोखरा ३३, भरतपोखरी निवासी रश्मि आचार्यलाई सात लाख रूपैयाँ ।

(ख) चम्पादेवी-९, ओखलढुंगा निवासी आशा राई सुनुवारलाई पाँच लाख रूपैयाँ ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।

OPMCM